# नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम
# सञ्चालन कार्यविधि, २०७७

**स्वीकृत मिति : २०७७/०८/०८**
**पहिलो संसोधन :२०८०/०२/३०**

**प्रस्तावना**

चिकित्सा शिक्षाका क्षेत्रमा राष्ट्रिय आवश्यकता अनुरुप गुणस्तरीय जनशक्ति उत्पादन गर्न चिकित्सा शिक्षाका नविनतम प्रविधि तथा शिक्षण विधिको अवलम्बन गर्दै चिकित्सा शिक्षाका विधामा स्पेसियालिटी तथा सबस्पेसियालिटी तह अध्ययनका लागि नयाँ कार्यक्रमहरुको तर्जुमा तथा सञ्चालन गर्न स्थापित नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको काम कारबाही व्यवस्थित गर्न, पाठ्यक्रम तथा मापदण्ड निर्धारण, कार्यक्रम सञ्चालन अनुमति प्रदान, शिक्षक फ्याकल्टी पहिचान, अन्तिम परीक्षा सञ्चालन तथा व्यवस्थापन, उपाधि प्रदान, विभिन्न संघसंस्थाहरुसँग समन्वय लगायतका कार्यका लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ६ को खण्ड (छ) र दफा २८ (१) को खण्ड (घ) राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम (३०) तथा (३१) बमोजिमका काम, कर्तव्य र अधिकारको व्यवस्थित प्रयोग गर्न बाञ्छनीय भएकाले चिकित्सा शिक्षा आयोगको मिति २०७७/०४/३० को निर्णयानुसारको अधिकार प्रयोग गरी कार्यकारी समितिले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद– १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** यो कार्यविधिको नाम " नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ (पहिलो संसोधन २०८०)" रहेको छ ।यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"आयोग"** भन्नाले चिकित्सा शिक्षा आयोग सम्झनु पर्दछ ।

(ख) **"ऐन"** भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ सम्झनु पर्दछ ।

(ग) **"नियमावली"** भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली २०७७ सम्झनु पर्दछ ।

(घ) **"बोर्ड"** भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली २०७७ को नियम ३० बमोजिम गठित "नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज" सम्झनु पर्दछ ।

(ङ) **"समिति"** भन्नाले चिकित्सा शिक्षा आयोगको कार्यकारी समिति सम्झनु पर्दछ ।

(च) +**"एनबिएमएस"** भन्नाले नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज सम्झनु पर्दछ ।



*पहिलो संसोधनद्वारा परिमार्जन

+पहिलो संसोधनद्वारा थप

(छ) **“तोकिएको वा तोकिए बमोजिम”** भन्नाले नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले तोकेबमोजिम सम्झनु पर्दछ ।

(ज) **“स्पेसियालिटी”** भन्नाले चिकित्सा शिक्षाको स्नातकोत्तर तहको कार्यक्रम सम्झनु पर्दछ ।

(झ) **“सबस्पेसियालिटी”** भन्नाले चिकित्सा शिक्षाको स्नातकोत्तर तहभन्दा माथिको कार्यक्रम सम्झनु पर्दछ ।

(ञ) **“कार्यक्रम”** भन्नाले नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजबाट सञ्चालन हुने कार्यक्रम सम्झनु पर्दछ।

(ट) * **“विषय समिति”** भन्नाले पाठ्यक्रम तथा अन्य प्राज्ञिक कार्य गर्नका लागि बोर्डबाट गठित समिति सम्झनु पर्दछ।

(ठ) **“संस्था”** भन्नाले नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका कार्यक्रम सञ्चालन गर्ने संस्था सम्झनु पर्दछ ।

(ड) **“फ्याकल्टी”** भन्नाले बोर्डबाट सञ्चालित कार्यक्रम सञ्चालन गर्ने स्वास्थ्य संस्थामा अध्यापन कार्यमा संलग्न शिक्षक सम्झनु पर्दछ ।

(ढ) **“प्राज्ञिक एकाइ (Academic Unit)”** भन्नाले यस कार्यविधिको दफा ८ (१) मा तोकिएबमोजिमको शिक्षक फ्याकल्टीको समूहलाई सम्झनुपर्दछ ।



*पहिलो संसोधनद्वारा परिमार्जन

+पहिलो संसोधनद्वारा थप

## परिच्छेद– २
## बोर्डको काम, कर्तव्य र अधिकार

३. **बोर्डको काम, कर्तव्य र अधिकार:** (१) राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ मा उल्लेख भएका काम कर्तव्य र अधिकारका साथै नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् ।

(क) बोर्डबाट सञ्चालित कार्यक्रमको तयारीका लागि अन्य निर्देशनालयहरुसँग समन्वय गरी कार्य गर्ने,

(ख) *बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरुको पहिचान,पाठ्यक्रम विकास, परिमार्जन तथा स्वीकृत गर्ने,

(ग) स्पेसियालिटी तथा सबस्पेसियालिटी तहका विषयहरु अध्यापन गराउने शिक्षण संस्थाको पहिचान गरी सूची तयार गर्ने, +तोकिएका मापदण्डका आधारमा मूल्याङ्कन गरी छनोट गर्ने र मूल्याङ्कनका आधारमा सिट निर्धारण गर्ने ।

(घ) *अध्यापन गराउने शिक्षण संस्थाहरुका लागि आवश्यक शिक्षक फ्याकल्टीहरुको मापदण्ड तयार गर्ने, मापदण्डका आधारमा मूल्याङ्कन गरी शिक्षक फ्याकल्टी छनोट गर्ने र उनीहरुको क्षमता विकाससम्बन्धी कार्यक्रम तय गर्ने, क्षमता बिकासका कार्यक्रम सञ्चालन गर्नका लागि अन्य संस्थाहरुसँग समन्वय गर्ने।

(ङ) यस्तै प्रकृतिका स्पेसियालिटी तथा सबस्पेसियालिटी सम्बन्धी विषयहरु अध्यापन तथा तालिम गराउने अन्य मुलुकका संस्थाहरुसँग आवश्यकतानुसार कार्यक्रम सम्बन्धी परामर्श तथा समन्वय गर्ने,

(च) *परीक्षा निर्देशनालयसँग समन्वय गरी एकीकृत प्रवेश परीक्षा,विद्यार्थी छनोट,म्याचिङ तथा भर्ना, बोर्डको परीक्षासम्बन्धी मापदण्ड तयारी, परीक्षा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी अन्य कार्य गर्ने,

(छ) *विद्यार्थी मूल्याङ्कनका लागि परीक्षा तथा मूल्याङ्कन कार्यविधि तयार गर्ने,परीक्षकहरुको सूची तयार गरी छनोट गर्ने र परीक्षण विधिबारे प्रशिक्षण गर्ने, +अन्तिम बोर्ड(Board Examination) परीक्षा सञ्चालन गरी नतिजा प्रकाशन गर्ने ।

(ज) उपाधि प्रदान गर्ने विधि र प्रक्रिया तयार गर्ने तथा चिकित्सा शिक्षा ऐनको दफा ६(झ) बमोजिम उपाधि प्रदान गर्ने,

(झ) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका कार्यक्रम मूल्याङ्कनसम्बन्धी कार्यहरु गर्ने ।

(ञ) +आवश्यकता अनुसार विज्ञ सम्मिलित समित तथा उपसमिति गठन गरी कार्यसम्पादन गर्ने ।

(ट) ऐन, नियम तथा आयोगले तोकेका अन्य कार्यहरु गर्ने ।



*पहिलो संसोधनद्वारा परिमार्जन

+पहिलो संसोधनद्वारा थप

## परिच्छेद– ३
## पाठ्यक्रमसम्बन्धी व्यवस्था

४. **<u>पाठ्यक्रमको ढाँचाः</u>** (१) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजबाट सञ्चालित कार्यक्रमहरुका लागि तयार पारिने पाठ्यक्रमको उद्देश्य प्रष्टरुपमा तोकिएको हुनुपर्नेछ ।

(२) विद्यार्थीको सिकाइको उद्देश्य (Learning objectives) प्रष्ट रुपमा उल्लेख भएको हुनुपर्नेछ ।

(३) अध्ययन अध्यापनको तरिका विद्यार्थी केन्द्रित हुनुपर्नेछ ।

(४) पाठ्यक्रममा हरेक इकाईको पाठ्यभार उल्लेख भएको हुनुपर्नेछ ।

(५) अध्यापन गराइने विभिन्न विभाग र इकाईहरुमा अध्ययन अवधिभरको पूर्व निर्धारित खाकाको आधारमा अध्ययन अध्यापनको कार्यक्रम निर्धारण गरिएको हुनुपर्नेछ। त्यस्ता विभाग र इकाईमा तालिम गराउनका लागि बोर्डको पूर्वस्वीकृति आवश्यक हुनेछ ।

(६) *बोर्डबाट सञ्चालित कार्यक्रमहरुको सामाजिक उत्तरदायित्व अन्तरगत सरकारी निकाय अन्तर्गतका सम्बन्धित विषयको सेवा भएका स्वास्थ्य संस्थाहरूमा तीन महिनासम्मको रोटेशनल पोष्टिङ हुनेछ। यसका लागि सम्बन्धित स्वास्थ्य संस्थाहरूसँग आवश्यक समन्वय गरिनेछ ।

(७) पाठ्यक्रममा विषय, पाठ्यभार र पूर्णाङ्क, मूल्याङ्कन विधि र उपाधिबारे उल्लेख भएको हुनुपर्नेछ ।

(८) *पाठ्यक्रम अन्तर्गत अनिवार्य रुपमा सञ्चालन गरिने तालिमहरुमा व्यवसायिक आचरण(Professional Ethics), सञ्चार सीप(Communication Skill), सिपिआर(Cardio pulmonary resuscitation ) संक्रमण नियन्त्रण (Infection Control) अनुसन्धान विधि (Research Methodology) र औषधिको उचित प्रयोग (Rational Use of Drugs) लगायतका विषयहरु समावेश भएको हुनुपर्नेछ।

(९) हरेक पाठ्यक्रमले सिकाइको गुणस्तरीयताका अतिरिक्त निम्नलिखित विधाहरु अनिवार्य समेटेको हुनु पर्नेछः

(क) आधारभूत विज्ञान तथा सम्बन्धित तहको सैद्धान्तिक ज्ञान,

(ख) सम्बन्धित तहको क्लिनिकल सीप,

(ग) चिकित्सा शास्त्रका सम्बन्धित विधामा विकास भएका नयाँ प्रविधि, ज्ञान र सीप,

(घ) प्राज्ञिक उन्नयन, अनुसन्धान तथा सूचना प्रविधि,

(ङ) जबाफदेहिता, व्यावसायिक सोच, व्यावसायिकता तथा पेशाधर्मिता,

(च) सामाजिक उत्तरदायित्वको लागि बहन गरिने प्रक्रियाहरु,



*पहिलो संसोधनद्वारा परिमार्जन
+पहिलो संसोधनद्वारा थप

(छ) नेतृत्व व्यवस्थापन र सामुहिकता (Team work),

(ज) विषयगत कार्यक्रम अन्तर्गत अनिवार्य गरिएका अन्य विधाहरु ।

(१०) कार्यक्रम सञ्चालनका लागि हरेक विषयको पाठ्यक्रम अनुसार तोकिएको विषयको विज्ञ तथा विषयसँग सम्बन्धित अन्य विज्ञ सम्मिलित विषय समिति गठन (Subject Committee) हुनेछ ।विषय समितिले शोधपत्रको अनुमति, अनुसन्धानात्मक लेख प्रकाशन, इ-लगबुक, हाजिरी, आन्तरिक परीक्षा सञ्चालन, अन्तिम बोर्ड परीक्षामा सामेल हुनका लागि आवश्यक योग्यता निर्धारण तथा समन्वय र परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गर्नेछ ।

+ (४क.) पाठ्यक्रम निर्माण तथा स्वीकृतीः (१) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले पाठ्यक्रम निर्माणका लागि विज्ञ सम्मिलित समिति गठन गर्नेछ ।

(२) दफा ४ मा उल्लिखित मापदण्ड तथा आधार समेतलाई ध्यानमा राखी पाठ्यक्रम समितिले पाठ्यक्रम तयार गर्नेछ ।

(३) पाठ्यक्रम समितिले तयार गरेको विषयगत पाठ्यक्रम बोर्डले स्वीकृत गर्नेछ।

**५. <u>भर्ना हुन आवश्यक न्यूनतम योग्यताः</u>** (१) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गतका कार्यक्रममा भर्ना हुनका लागि नेपाल मेडिकल काउन्सिलमा दर्ता भई चिकित्सा शिक्षा आयोगबाट तोकिएको प्रवेश परीक्षा उत्तीर्ण भएको हुनुपर्नेछ ।

२) स्नातकोत्तर तहको स्पेसियालिटी कार्यक्रममा भर्ना हुनका लागि चिकित्सा शिक्षा आयोगबाट लिइने सोही तहको एकीकृत प्रवेश परीक्षा उत्तीर्ण भएको हुनुपर्नेछ ।

३) स्नातकोत्तर तहभन्दा माथिको सबस्पेसियालिटी कार्यक्रममा भर्ना हुनका लागि नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञको रुपमा दर्ता भई चिकित्सा शिक्षा आयोगबाट तोकिएको प्रवेश परीक्षा उत्तीर्ण भएको हुनुपर्नेछ।

४) विदेशी विद्यार्थीको हकमा चिकित्सा शिक्षा आयोगद्वारा निर्धारित मापदण्डबमोजिम हुनेछ ।

५) *निर्धारित सिटमा चिकित्सा शिक्षा आयोगबाट लिएको एकीकृत प्रवेश परीक्षाका आधारमा प्रकाशित योग्यताक्रम अनुसार म्याचिङ प्रणाली बमोजिम छनोट भई आएका विद्यार्थीहरुलाई नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले भर्ना गर्नेछ।भर्ना भएका विद्यार्थीहरुले नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजबाट निर्धारित शर्तहरु पालना गर्नुपर्नेछ नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका कार्यक्रमहरुको शुल्कसम्बन्धी व्यवस्था समय समयमा चिकित्सा शिक्षा आयोगले तोकेबमोजिम हुनेछ।यस सम्बन्धी अन्य व्यवस्था अनुसूचि-४ मा उल्लेख भएबमोजिम हुनेछ।



*पहिलो संसोधनद्वारा परिमार्जन

+पहिलो संसोधनद्वारा थप

६. **अध्ययन अवधिः** (१) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत सञ्चालन हुने स्पेसियालिटी तथा सबस्पेसियालिटी प्रत्येक कार्यक्रमको अध्ययन अवधि कम्तीमा तीन वर्षको हुनेछ ।

## परिच्छेद –४
## फ्याकल्टी (शिक्षक) तथा सिट संख्यासम्बन्धी व्यवस्था

७. **फ्याकल्टी (शिक्षक) को न्यूनतम योग्यताः** (१) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रमका शिक्षक फ्याकल्टीलाई क्रमश सिनियर फ्याकल्टी, फ्याकल्टी र जुनियर फ्याकल्टी भनिनेछ । शिक्षक फ्याकल्टी भई काम गर्नका लागि कम्तिमा सम्बन्धित +विशेषज्ञताको स्नातकोत्तर तह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

(२) जुनियर फ्याकल्टी हुनका लागि सम्वन्धित विषयमा विशेषज्ञ दर्ता भई एक वर्षको कार्य अनुभव तथा मुख्य लेखक भई राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तिमा एक अनुसन्धनात्मक लेख प्रकाशन गरेको वा विश्वविद्यालय/प्रतिष्ठानमा सहायक प्राध्यापक (Assistant Professor) तहमा प्राध्यापन गरेको अनुभव भएको,

(३) फ्याकल्टी हुनका लागि सम्बन्धित विषयमा विशेषज्ञ दर्ता भई पाँच वर्षको कार्य अनुभव तथा मुख्य लेखक भई *राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तिमा दुई वटा अनुसन्धनात्मक लेख प्रकाशन गरेको, जसमध्ये एउटा लेख इन्डेक्स जर्नलमा प्रकाशन गरेको, वा विश्वविद्यालय / प्रतिष्ठान/बोर्ड मा पाँच वर्ष *सहायक प्राध्यापक (Assistant Professor) तहमा प्राध्यापन गरेको अनुभव भएको,

वा

बोर्डबाट सञ्चालित स्पेसियालिटी तथा सबस्पेसियालिटी कार्यक्रममा जुनियर फ्याकल्टी भई पाँच वर्ष काम गरेको हुनुपर्नेछ ।

(४) सिनियर फ्याकल्टी हुनका लागि सम्बन्धित विषयमा विशेषज्ञ दर्ता भई पन्ध्र वर्षको *कार्य अनुभव/शिक्षण अनुभव तथा मुख्य लेखक भई राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तिमा चार वटा अनुसन्धानात्मक लेख प्रकाशन गरेको, जसमध्ये एउटा लेख इन्डेक्स जर्नलमा प्रकाशन भएको हुनुपर्ने,

वा

विश्वविद्यालय/प्रतिष्ठान/बोर्ड बाट प्राध्यापक तहमा प्राध्यापन गरेको अनुभव वा बोर्डबाट सञ्चालित स्पेसियालिटी/सबस्पेसियालिटी कार्यक्रममा फ्याकल्टी भई पाँच बर्ष काम गरेको अनुभव तथा चार वटा अनुसन्धानात्मक लेख *राष्ट्रिय/अन्तराष्ट्रिय जर्नलमा प्रकाशन गरेको, जसमध्ये एउटा लेख इन्डेक्स जर्नलमा प्रकाशन गरेको हुनुपर्नेछ ।



*पहिलो संसोधनद्वारा परिमार्जन
+पहिलो संसोधनद्वारा थप

(५) बोर्ड अन्तर्गतका कार्यक्रममा नियमित रुपमा सिनियर फ्याकल्टी, फ्याकल्टी वा जुनियर फ्याकल्टी हुनका लागि प्रत्येक ३ बर्षमा मुख्य लेखक भई राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तिमा एक अनुसन्धानात्मक लेख प्रकाशन गरी अद्यावधिक गर्नुपर्नेछ ।

८. **<u>कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक फ्याकल्टी (शिक्षक):</u>** (१) बोर्ड अन्तर्गतका कार्यक्रम सञ्चालन गर्नका लागि कुनै पनि विधामा पूर्णकालीन न्यूनतम एकजना सिनियर फ्याकल्टी, एकजना फ्याकल्टी र एकजना जुनियर फ्याकल्टी

वा

एक जना सिनियर फ्याकल्टी र दुई जना जुनियर फ्याकल्टी

वा

दुईजना फ्याकल्टी र दुईजना जुनियर फ्याकल्टी हुनुपर्नेछ ।

माथि उल्लेखित समूहलाई शिक्षक (फ्याकल्टी) को एक प्राज्ञिक इकाई(Academic Unit) मानिनेछ ।

(२) दफा (१) अनुसारको इकाईलाई प्रत्येक शैक्षिक सत्रमा बढीमा दुईजना विद्यार्थी भर्नाको अनुमति दिन सकिनेछ ।

(३) दफा (१) बमोजिमको एकाईको मुख्य जिम्मेवारी सिनियर फ्याकल्टी वा निजको अनुपस्थितिमा फ्याकल्टीको हुनेछ+साथै विद्यार्थीको अध्ययन अवधिभरको सम्पूर्ण जिम्मेवारी पनि निजहरुकै हुनेछ ।

(४) +सिट निर्धारण सम्बन्धी व्यवस्था नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटज अन्तर्गत चिकित्सा शिक्षा अध्यापन गर्ने शिक्षण संस्थाहरुको अनुगमन, गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारण कार्यविधि, २०७८ बमोजिम हुनेछ ।



*पहिलो संसोधनद्वारा परिमार्जन

+पहिलो संसोधनद्वारा थप

## परिच्छेद –५

## शिक्षण संस्थाको पूर्वाधारसम्बन्धी व्यवस्था

९. **शिक्षण संस्थाको पूर्वाधारः** (१) बोर्ड अन्तर्गतका कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले यस कार्यविधिमा उल्लेख भएका उद्देश्य पूरागर्ने लिखित प्रतिबद्धता जाहेर गर्नुपर्दछ।

(२) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा आबद्ध हुन चाहने संस्थाले आफ्नो संस्थाको संगठन संरचना, आर्थिक अवस्था, शिक्षण संस्था हुनका लागि आवश्यक पूर्वाधार, शिक्षण कार्यमा संलग्न हुन चाहनुको उद्देश्य, राज्यको आवश्यकता परिपूर्ति गर्न सक्ने क्षमता, सामाजिक उत्तरदायित्व, विद्यार्थीलाई प्रदान गरिने सेवा सुविधा र सञ्चालन गर्न चाहेको कार्यक्रम वा विषयका बारेमा प्रष्टसँग खुलाई आवेदन गर्नुपर्नेछ ।

(३) * नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटजका कार्यक्रममा आबद्ध हुन चाहने संस्थाले आयोगको सूचना बमोजिम स्वमूल्याङ्कन (Self- Appraisal) पेश गर्नुपर्नेछ ।

१०. **कार्यक्रम सञ्चालनका लागि आवश्यक न्यूनतम आधार** (१) बोर्ड अन्तर्गतका कार्यक्रम सञ्चालन हुने अस्पतालको वर्गिकरण र कार्यक्रम देहायबमोजिम हुनेछ ।

क) ३०० शैया वा सो भन्दा माथिको क्षमता भएका बहु विधा (मल्टी स्पेसियालिटी) अस्पतालले एकभन्दा बढी विषयका कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

ख) १०० शैया वा सो भन्दा माथिका विशिष्टिकृत सेवा भएका अस्पतालले एक भन्दा बढी स्पेसियालिटी विषयका कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

ग) १०० शैया सम्म क्षमता भएका विशेषज्ञ अस्पतालले सोही विषयका कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

+(घ) ओपिडीका आधारमा सेवा प्रदान गर्ने तथा अनिवार्य रुपमा बेड संख्या आवश्यक नपर्ने विषयका हकमा पाठ्यक्रमले तोकेका मापदण्ड पूरा भइ इमरजेन्सी बेड सहित उपचारको व्यवस्था भएको खण्डमा कार्यक्रम सञ्चालनका लागि अनुमति प्रदान गर्न सकिनेछ ।

(ङ) कार्यक्रम सञ्चालनका लागि पाठ्यक्रमले निर्धारण गरेका सम्पूर्ण मापदण्ड पूरा भएको हुनुपर्नेछ।

(च) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा आबद्ध हुन चाहने संस्थाले सम्बन्धित सरकारको स्वास्थ्यसम्बन्धी मापदण्ड +पूरा गरी नियमानुसार सञ्चालन स्वीकृती तथा नवीकरण गरेको हुनुपर्नेछ।

(२) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा आबद्ध हुन चाहने संस्थाले स्पेसियालिटी तहमा अध्ययन गर्ने विद्यार्थीलाई कम्तीमा नेपाल सरकारको मेडिकल अधिकृत र सबस्पेसियालिटी तहमा अध्ययन गर्ने



*पहिलो संसोधनद्वारा परिमार्जन

+पहिलो संसोधनद्वारा थप

विद्यार्थीलाई कम्तीमा नेपाल सरकारको *नवौं तहको विशेषज्ञले पाउने तलब बराबरको निर्वाह भत्ता उपलब्ध गराउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम बाहेक विद्यार्थीलाई आवासीय/अन्य सुविधा सम्बन्धित संस्थाले उपलब्ध गराउन सक्नेछ ।

(४) कार्यक्रममा आबद्ध हुन चाहने संस्थाले विद्यार्थीलाई नियमित ओपिडी तथा क्लिनिकल काम बाहेक हप्तामा दुई पटक चौबीस घण्टे ड्युटी लगाउन सक्नेछ। अन्तिम परीक्षाको तयारीका लागि विद्यार्थीलाई परीक्षाको कम्तीमा दुई हप्ता अगाडि क्लिनिकल दायित्वबाट छुट्टी दिनुपर्नेछ।

(५) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा आबद्ध हुन चाहने संस्थामा तोकिएको कार्यक्रमका लागि आवश्यक भौतिक संरचना उपलब्ध भएको हुनुपर्नेछ ।

(६) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा आबद्ध हुन चाहने संस्थामा सम्बन्धित कार्यक्रमको लागि सो विभागमा तोकिएको शैयामा विगत तीन महिनामा सरदर साठी प्रतिशत विरामी भर्ना भएको हुनुपर्नेछ।

(७) प्रतिष्ठान, विश्वविद्यालय वा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त शिक्षण संस्थामा यस कार्यविधि बमोजिमका कार्यक्रम सञ्चालन हुनेछैनन् ।+बोर्डबाट पहिचान तथा स्वीकृत गरिएका प्राज्ञिक एकाइहरुबाट (Academic Unit) अन्य एकेडेमिक कार्यक्रमहरु सञ्चालन हुनेछैनन् ।

(८) +बोर्ड अन्तर्गत स्पेसियालिटी तथा सबस्पेसियालिटी तहका कार्यक्रम सञ्चालनका गर्नका लागि अनुमति प्राप्त गर्ने संस्थाले अनुसूची-३ बमोजिम बोर्डसँग द्विपक्षीय करार सम्झौता गर्नुपर्नेछ ।



*पहिलो संसोधनद्वारा परिमार्जन

+पहिलो संसोधनद्वारा थप

## परिच्छेद– ६
## परीक्षा तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

**११. <u>विद्यार्थीको हाजिरी:</u>**(१) *बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा भर्ना भएका विद्यार्थीको हाजिरी तथा उनीहरुको कामको विवरण उल्लेख भएको लगबुक/इ-लगबुक अनिवार्य रुपमा अध्यावधिक गरी राख्नुपर्नेछ। त्यस्तो हाजिरी र लगबुक/इ-लगबुकको विवरण अध्यावधिक गराउने जिम्मेवारी सम्बन्धित सिनियर फ्याकल्टी/फ्याकल्टीको हुनेछ ।

(२) बोर्डले आवश्यकताअनुसार विद्यार्थीको हाजिरी र लगबुक/इ-लगबुक विवरण कुनै पनि बखत माग गर्न सक्नेछ र सो उपलब्ध गराउने जिम्मेवारी सम्बन्धित *सिनियर फ्याकल्टी/फ्याकल्टीको हुनेछ ।

(३) कुनैपनि विद्यार्थी अन्तिम परीक्षामा बस्न योग्य हुनका लागि अध्ययन अवधिभरको नब्बे प्रतिशत रुजु हाजिरी पुगेको हुनुपर्नेछ ।हाजिरी नपुगेका विद्यार्थी अन्तिम परीक्षामा बस्नका लागि योग्य हुने छैनन्।

(४) कुनैपनि कार्यक्रममा भर्ना भएका विद्यार्थी पूर्णकालीन र आवासीय चिकित्सक हुनेछन्। विद्यार्थीले अध्ययन गरेको संस्था वाहेक अन्यत्र निजी अभ्यास गर्न पाइनेछैन ।

+ (११क.) बोर्डका कार्यक्रममा भर्ना भएका विद्यार्थीहरुले एकैपटक वा पटक पटक गरी बर्षमा पन्ध्र दिन सम्म विदा लिन सक्नेछन् ।

**१२. <u>विद्यार्थीको मूल्याङ्कनः</u>** (१) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा भर्ना भएका विद्यार्थीको मूल्याङ्कन ज्ञान, सीप र क्षमताका आधारमा गरिनेछ ।

(२) विद्यार्थीको मूल्याङ्कन सैद्धान्तिक र प्रयोगात्मक दुबै पद्धतिबाट गरिनेछ। सैद्धान्तिक र प्रयोगात्मक परीक्षामा छुट्टाछुट्टै पचास प्रतिशत अङ्क ल्याई उत्तीर्ण हुनुपर्नेछ ।

(३) * विद्यार्थीको आन्तरिक मूल्याङ्कन अर्धवार्षिक रुपमा गरिनेछ। अन्तिम बोर्ड परीक्षामा योग्य हुनका लागि आन्तरिक मूल्याङ्कनमा कम्तिमा पचास प्रतिश अङ्क प्राप्त गर्नुपर्नेछ तर आन्तरिक परीक्षाको अङ्कतभार अन्तिम परीक्षामा जोडिनेछैन ।

(४) फ्याकल्टीले विद्यार्थीको हरेक सिकाइको रचनात्मक मूल्याङ्कन (Formative Evaluation) गर्नुपर्नेछ। सिकाइको क्रममा विद्यार्थीलाई पृष्ठपोषण (Feedback) प्रदान गरी सोको अभिलेख राख्नु फ्याकल्टीको कर्तव्य हुनेछ ।पृष्ठपोषण (Feedback) प्रदान गर्दा सबल पक्ष, दुर्बल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु औंल्याई विद्यार्थीको सीप विकासमा मद्दत गर्नुपर्नेछ ।

(५) विद्यार्थीको सैद्धान्तिक र प्रयोगात्मक मूल्याङ्कन तथा परीक्षाको ढाँचा र अङ्कभार अनुसूची-१ मा उल्लेख भएबमोजिम हुनेछ ।



*पहिलो संसोधनद्वारा परिमार्जन
+पहिलो संसोधनद्वारा थप

(६) *बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा भर्ना भएका विद्यार्थीहरु १० वर्ष भित्रमा बढीमा ५ पटक मात्र अन्तिम परीक्षामा सहभागी हुन पाउनेछन्। पाँचौ पटकमा पनि उत्तीर्ण हुन नसकेमा भर्ना भएको कार्यक्रमबाट स्वतः निस्कासित भएको मानिनेछ ।

तर पुनः एकीकृत प्रवेश परीक्षा दिई नयाँ भर्ना हुनका लागि बाधा पर्नेछैन ।

**१३.<u>सैद्धान्तिक परीक्षाः</u>** (१) विद्यार्थीको विषयगत ज्ञान मापन गर्नका लागि लिइने सैद्धान्तिक परीक्षामा विषयगत (Subjective)र वस्तुगत(Objective) दुबै प्रकारका प्रश्नहरु हुनेछन् ।

(२) विषयगत प्रश्नको भार पचास प्रतिशत र वस्तुगत प्रश्नको भार पचास प्रतिशत हुनेछ ।

(३) विषयगत प्रश्नपत्र लामो उत्तर ( Long Answer) दिनुपर्ने वा छोटो उत्तर (Short Answer) दिनुपर्ने प्रकृतिका हुनेछन् ।

(४) वस्तुगत प्रश्न बहु वैकल्पिक हुनेछन् ।

(५) प्रश्नपत्र याद गर्ने वा कण्ठ पार्ने (Recall), बोधजन्य वा बुझाइ (Understanding), र प्रयोग (Application) मा आधारित हुनेछन् ।

(६) बोर्डले परीक्षा सञ्चालन गर्न प्रश्नपत्र निर्माणका लागि विशिष्टीकरण तालिका( Specification Chart) निर्माण गर्न सक्नेछ।

**१४. <u>प्रयोगात्मक परीक्षाः</u>**

(१) विद्यार्थीको सक्षमता (Competency) र सीप मापनका लागि लिइने प्रयोगात्मक परीक्षामा बिरामीको छोटो खालको (Short Case) र लामो खालको (Long Case) मामला तथा दुबै प्रकारका समस्या भएका प्रश्नहरु समावेश हुनेछन् ।

(२) दुबै प्रकारका प्रश्नहरुको छनोट परीक्षकहरुको सहमतिमा तय गरिनेछ ।

**१५. <u>OSCE/OSPE/TOACS</u>** (१) विद्यार्थीको निर्णय क्षमता र सीप कौशल मापनका लागि लिइने प्रयोगात्मक सिकाइको परीक्षामा विभिन्न स्टेशन (Multiple Station) भएको छोटो परीक्षा लिइनेछ।यस्तो परीक्षालाई Objective Structured Clinical Examination (**OSCE**), Objective Structured Practical Examination (**OSPE**), Task Orientated Assessment Of Clinical Skill (**TOACS**) भनिनेछ।

(२) परीक्षा स्टेशनमा राखिने विषयगत विधि, प्रकृया, समय, सामान, छाँयाचित्र, आदिको छनोट परीक्षकहरुको सहमतिमा तय गरिनेछ ।*यस्तो परीक्षामा आवश्यकता अनुसार कम्प्युटर लगायत आधुनिक प्रविधिको समेत प्रयोग गर्न सकिनेछ ।हरेक स्टेशनका लागि निश्चित समय निर्धारण गरिनेछ ।

**१६. <u>मौखिक परीक्षाः</u>** (१) विद्यार्थीको विषयगत ज्ञान तथा तत्काल निर्णय गर्न सक्ने क्षमता मापनका लागि मौखिक परीक्षा (Viva-Voce) परीक्षा लिइनेछ।यस्तो परीक्षामा विषयबस्तुको विषयगत ज्ञान, सम्बन्धित



*पहिलो संसोधनद्वारा परिमार्जन

+पहिलो संसोधनद्वारा थप

विषयका नयाँ खोज-अनुसन्धान, नयाँ प्रविधिहरु, विषयको विशिष्ट प्राप्तिहरु, विशिष्टिकृत सेवाको माध्यमबाट गर्न सकिने योगदान आदि समावेश गरिनेछ।

(२) मौखिक परीक्षाको अवधि आधा घण्टा देखि एक घण्टा सम्मको हुनेछ ।

(३) मौखिक परीक्षाको मूल्यांकन विधि पूर्वनिर्धारित तथा तोकिएको ढाँचामा तयार पारिएको हुनुपर्नेछ ।यस्तो ढाँचा बोर्डले परीक्षा हुनु अगावै तयार पारी उपलब्ध गराउनेछ ।

**१७. <u>शोधकार्यः</u>** (१) बोर्ड अन्तर्गत सञ्चालन हुने *स्पेसियालिटी/सबस्पेसियालिटी कार्यक्रममा भर्ना भएका विद्यार्थीका लागि शोधकार्य (Thesis) अनिवार्य हुनेछ ।

(२) *शोधकार्यको (Thesis) शीर्षक छनोट सिनियर फ्याकल्टी तथा विद्यार्थीको समन्वयमा कार्यक्रममा भर्ना भएको छ महिनाभित्र तय गरिसक्नुपर्नेछ र त्यस्तो शोधकार्यको शीर्षक विषय समिति/प्राज्ञिक एकाइबाट स्वीकृत हुनुपर्नेछ ।सो को लिखित जानकारी बोर्डमा गराउनुपर्नेछ ।

(३) शोधकार्यका(Thesis) लागि सिनियर फ्याकल्टी वा फ्याकल्टी मात्र शोधपत्र दिग्दर्शक (Thesis Guide) हुन सक्नेछन् ।

(४) *शोधकार्य(Thesis) शुरु हुनु अगावै सम्बन्धित निकाय/Ethical Review Committee(IRC) बाट अनुसन्धानका लागि आवश्यक अनुमति प्राप्त गरिसकेको हुनुपर्नेछ ।

(५) *शोधकार्य (Thesis) आफैंले संकलन गरेको तथ्याङ्कमा आधारित हुनुपर्नेछ।अन्यत्र लिइएको वा पहिले संकलन गरिएको वा प्रयोग भइसकेको तथ्याङ्कमा आधारित शोधकार्य (Thesis) मान्य हुनेछैन।

(६) शोधकार्य(Thesis) अन्तिम परीक्षा हुनुभन्दा छ महिना पहिले बुझाउनु पर्नेछ।शोधपत्रको मूल्याङ्कन वाह्य विज्ञबाट(External Expert) गराइनेछ।अन्तिम परीक्षामा सामेल हुनका लागि शोधकार्य (Thesis) स्वीकृत भएको हुनुपर्नेछ ।

**१८. <u>वैज्ञानिक लेख प्रकाशनः</u>** (१) *बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा भर्ना भएका विद्यार्थीहरुका लागि शिक्षण अवधिभरमा स्पेसियालिटी/सबस्पेसियालिटी तहका लागि एउटा अनुसन्धानात्मक लेख प्रकाशन गर्नुपर्नेछ ।प्रकाशनका लागि स्वीकृत मात्र भएको लेख मान्य हुनेछैन ।

(२) विद्यार्थीले शैक्षिक सत्रको पहिलो वर्षदेखि नै विषयगत सिकाइका क्रममा अनुसन्धानात्मक लेख प्रकाशन प्रक्रिया अगाडि बढाउनुपर्नेछ ।लेख प्रकाशनका लागि बोर्डले सहजीकरण गर्न सक्नेछ।

(३) प्रकाशित लेखको अभिलेख अन्तिम परीक्षा हुनु अगावै विषयगत समिति तथा बोर्डमा प्रस्तुत गरेको हुनुपर्नेछ ।

**१९. <u>परीक्षकको व्यवस्थाः</u>** (१) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा भर्ना भएका विद्यार्थीको मूल्याङ्कनका लागि हरेक विषय वा विधामा कम्तिमा चार जना परीक्षक अनिवार्य हुनेछन् ।



*पहिलो संसोधनद्वारा परिमार्जन

+पहिलो संसोधनद्वारा थप

(२) परीक्षक हुनका लागि सिनियर फ्याकल्टी तहको योग्यता पुगेको हुनुपर्नेछ । स्पेसियालिटी/सबस्पेसियालिटी तहको परीक्षामा संलग्न भइसकेको फ्याकल्टी (शिक्षक) लाई विद्यार्थीको मूल्याङ्कनका लागि प्राथमिकता दिइनेछ ।

(३) बोर्डबाट लिइने हरेक विषयका परीक्षाका लागि स्वदेश वा विदेशबाट परीक्षक चयन गर्न सकिनेछ।

(४) परीक्षकको पारिश्रमिक तथा अन्य सुविधा आयोगको स्वीकृत नर्म्स अनुसार हुनेछ ।

(५) +परीक्षा तथा मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था छुट्टै कार्यविधिद्वारा व्यवस्थित गरिनेछ ।



*पहिलो संसोधनद्वारा परिमार्जन

+पहिलो संसोधनद्वारा थप

## परिच्छेद –७
## उपाधि तथा मान्यतासम्बन्धी व्यवस्था

२०. **उपाधिको नामाकरणः** (१) बोर्ड अन्तर्गत सञ्चालन हुने स्नातकोत्तर तथा सोभन्दा माथिल्लो तहको क्रमशः स्पेसियालिटी तथा सबस्पेसियालिटी कार्यक्रममा भर्ना भई विधिपूर्वक अन्तिम परीक्षामा उत्तीर्ण भएका विद्यार्थीलाई आयोगबाट राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा ६ (झ) बमोजिम उपाधि प्रदान गरिनेछ ।

(२) *स्पेसियालिटी तहको कार्यक्रम स्नातकोत्तर तह सरहको हुनेछ । यस कार्यक्रममा उत्तीर्ण विद्यार्थीलाई Fellow Of National Board(FNB) को उपाधि प्रदान गरिनेछ। उदाहरणका लागि रेडियोलोजी विषयका लागि Fellow of National Board-Radiology(FNB – Radiology), जनरल सर्जरीका लागि Fellow of National Board -General Surgery (FNB – General surgery)

(३) *सबस्पेसियालिटी तहको कार्यक्रम स्नातकोत्तर तहभन्दा माथिको Doctor of Medicine/ Magister of Chirurgiae/Post Graduate Sub Specialty Degree तहका कार्यक्रम सरहको हुनेछ। यस कार्यक्रममा उत्तीर्ण विद्यार्थीलाई Fellow Of National Board(FNB) को उपाधि प्रदान गरिनेछ। उदाहरणका लागि Critical Care Medicine विषयका लागि Fellow of National Board - Critical Care Medicine (FNB-Critical Care Medicine), GI Surgery विषयका लागि Fellow of National Board - GI surgery (FNB-GI surgery)

(४) बोर्डबाट सञ्चालन हुने तहगत कार्यक्रमको सूची अनुसूची-२ बमोजिम हुनेछ । तहगत कार्यक्रमको सूची आवश्यकता अनुसार बोर्डको सिफारिसमा कार्यकारी समितिले थपघट वा संसोधन गर्न सक्नेछ ।

२१. **उपाधिको समकक्षताः** (१) *बोर्ड अन्तर्गत सञ्चालन हुने स्नातकोत्तर तथा सो भन्दा माथिल्लो तहको क्रमशः स्पेसियालिटी तहको फेलोलाई स्नातकोत्तर तह सरह तथा सबस्पेसियालिटी तहको फेलोलाई मेडिसिनतर्फ Doctor of Medicine तथा सर्जरीतर्फ Magister of Chirurgiae/Post Graduate Sub Specialty Degree सरहको मान्यता प्रदान गरिनेछ।



*पहिलो संसोधनद्वारा परिमार्जन
+पहिलो संसोधनद्वारा थप

## परिच्छेद–८
## विविध

२२. **समन्वय तथा सहयोगः** (१) चिकित्सा शिक्षा आयोगको स्वीकृतिमा बोर्डले यस कार्यविधिमा उल्लेख भए बमोजिम स्पेसियालिटी/सबस्पेसियालिटी तह सरहका कार्यक्रम सञ्चालन गर्दै आएका राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुसँग पाठ्यक्रम विकास, शिक्षण विधि र प्रविधि, परीक्षा तथा मूल्यांकन विधि, उपाधिको समकक्षता, विषय समिति गठन, चिकित्सा शिक्षाको क्षेत्रका विविध विषयमा हुने अनुसन्धान आदि विषयमा समन्वय तथा सहयोग आदान प्रदान गर्न सक्नेछ ।

(२) *यो कार्यविधि कार्यान्वयन गर्नका लागि बोर्डले आवश्यकता अनुसार अन्य कार्यहरु गर्न सक्नेछ ।

२३. ***अनुगमन तथा मूल्याङ्कनः** (१) चिकित्सा शिक्षा आयोगले यो कार्यविधिमा उल्लेख भएका कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ । साथै बोर्डले यस कार्यविधिमा उल्लेख भएका कार्यक्रमहरुको मूल्याङ्कन स्वतन्त्र संस्थाबाट समेत गराउन सक्नेछ ।

२४. +**बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयन तथा कार्यक्रम सञ्चालन गर्दा कुनै जटिलता देखिएमा चिकित्सा शिक्षा आयोग, कार्यकारी समितिले निर्णय गरी सहजीकरण गर्न सक्नेछ ।

२५. **कार्यविधिमा संसोधनः** (१) चिकित्सा शिक्षा आयोग, कार्यकारी समितिले बोर्डको सिफारिसमा यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ। यस कार्यविधिको व्याख्या गर्ने अधिकार चिकित्सा शिक्षा आयोग, कार्यकारी समितिमा निहित रहनेछ।



*पहिलो संसोधनद्वारा परिमार्जन

+पहिलो संसोधनद्वारा थप

**अनुसूची - १**
**परीक्षाको ढाँचा र अंकभार**

A. Theory Examination: Full Marks – 300,Pass Marks-50%

| Year | Subject | Type | Full marks | | Weightage |
|---|---|---|---|---|---|
| 3 | Paper I: Basic Applied Science | Written | 100 | | 100% |
| .3 | Paper: II Discipline Related Subjects | Written | 100 | | |
| 3 | Paper III: Recent advances & Specialties | Written | 100 | | |
| 1,2,3 | Internal Assessment | Written six Monthly | 100 | Qualifying for Board Examination | None |

B. Practical Examination: Full Marks – 300, Pass Marks- 50%

| Year | Subject | Type | Full Marks | Weightage |
|---|---|---|---|---|
| 3 | Long case 1, Short case 2 | Clinical | 140 | 100% |
| 3 | OSCE/OSPE/TOACS | Multiple Stations | 60 | |
| 3 | VIVA | Oral | 100 | |
| 1,2,3 | Internal Assessment | Clinical/OSCE/OSPE/ TOACS/Viva Written six Monthly each Qualifying for Board Examination | 100 | None |
| C | Thesis | Evaluation | | |
| | Log Book | | | |
| | Scientific Article | | | |



*पहिलो संसोधनद्वारा परिमार्जन
+पहिलो संसोधनद्वारा थप

## अनुसूची - २
## बोर्डबाट सञ्चालन हुने तहगत कार्यक्रम

**स्पेसियालिटी तहका कार्यक्रम**

1. Anaesthesiology
2. Community Medicine
3. General Practice and Emergency Medicine
4. General Surgery
5. Internal Medicine
6. Obstretrics and Gynaecology
7. Otorhinolaryngology and Head and Neck Surgery
8. Radiation Oncology
9. Ophthalmology
10. Orthopaedics and Truama Surgery
11. Health Care Management
12. Paediatrics
13. Pathology
14. Radio diagnosis

**सबस्पेसियालिटी तहका कार्यक्रम**

1. Cardiology
2. Cardiothoracic and Vascular Surgery
3. Critical Care Medicine
4. Endocrinology
5. Gastrointestinal Surgery
6. Gynae Oncology
7. Hemato Oncology
8. Hepatobiliary & Pancreatic Surgery
9. Hematology
10. Head & Neck oncology
11. Interventional Radiology
12. Medical Oncology
13. Nephrology
14. Neurology
15. Neuro Surgery
16. Paediatric Anaesthesiology
17. Paediatric Critical Care Medicine
18. Plastic Surgery
19. Pulmonology Critical Care & Sleep Medicine
20. Reproductive and Fertility Medicine
21. Surgical Oncology( Genito Urinary, Thoracic Surgery, Gastro Intestinal Surgery& Breast )
22. Transplant Anaesthesiology
23. Uro-Gynaecology
24. Urology



*पहिलो संसोधनद्वारा परिमार्जन

+पहिलो संसोधनद्वारा थप

## +अनुसूची -३
## कार्यक्रम सञ्चालन गर्ने संस्थासँग गरिने द्विपक्षीय सम्झौता
## नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज

सानोठिमी, भक्तपुर ।

**चिकित्सा शिक्षा आयोग, नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज र स्पेसियालिटी/सबस्पेसियालिटी कार्यक्रम सञ्चालन गर्ने संस्था बिचको सम्झौता**

चिकित्सा शिक्षा आयोग,नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज **(एनबिएमएस)** (यसपछि पहिलो पक्ष भनिएको) र स्पेसियालिटी/सबस्पेसियालिटी तहका कार्यक्रम सञ्चालन गर्ने संस्था (यसपछि दोस्रो पक्ष भनिएको) बिच प्रचलित कानुनबमोजिम तपसिलका कार्य गर्न गराउन देहायबमोजिम सम्झौता गरिएको छ ।

**क. पहिलो पक्षले पालना गर्नुपर्ने शर्तहरुः**

१. पहिलो पक्षले स्पेसियालिटी तथा सबस्पेसियालिटी तहका कार्यक्रम सञ्चालन गर्नुपूर्व तोकिएका मापदण्डका आधारमा दोस्रो पक्षसँग सेल्फ अप्राइजल माग गरी स्थलगत अनुगमन गरे पश्चात मापदण्ड पूराभएका विषयमा नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटीजको सिफारिशमा चिकित्सा शिक्षा आयोग, कार्यकारी समितिले स्वीकृत गरेबमोजिम कार्यक्रम सञ्चालन गर्ने अनुमति तथा सिट उपलब्ध गराउनेछ ।

२. बुँदा नं १ बमोजिम सिट प्राप्त गर्ने संस्थामा चिकित्सा शिक्षा आयोगले प्रत्येक शैक्षिक सत्रमा एकीकृत प्रवेश परीक्षा उत्तीर्ण विद्यार्थीलाई प्रचलित चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्ना सम्बन्धी कार्यविधि,२०७९ बमोजिम विद्यार्थी छनोट तथा भर्ना गरी अध्ययनका लागि पठाउनेछ ।

३. स्पेसियालिटी/सबस्पेसियालिटी कार्यक्रम सञ्चालनका लागि सो कार्यक्रमका सिनियर फ्याकल्टीलाई संयोजक(Mentor) तोक्नेछ ।

४. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ तथा नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले तोकेबमोजिमका कार्यहरु गर्नेछ ।



*पहिलो संसोधनद्वारा परिमार्जन
+पहिलो संसोधनद्वारा थप

५. तीन वर्षको अध्ययन पूरा गरेका विद्यार्थीहरुका लागि नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम अन्तिम बोर्ड परीक्षा सञ्चालन गर्नेछ ।

६. विद्यार्थीको भर्ना, रजिष्ट्रेशन, परीक्षा, दिक्षान्त समारोह(Convocation) र सर्टिफिकेशन जस्ता कार्य गर्नेछ ।

७. विद्यार्थी भर्ना गर्ने प्रतिवद्धता गरिसकेपछि भर्ना भएका विद्यार्थीको अध्ययन अवधि पूरा नभएसम्म सम्झौता भंग गरिने छैन।कुनै कारणवश सम्झौता भंग गर्न चाहने पक्षले कम्तीमा २ वर्षको अवधि अगावै सोको जानकारी दोस्रो पक्षलाई गराउनु पर्नेछ ।

**ख. दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरु**

१. स्पेसियालिटी तथा सबस्पेसियालिटी तहका कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज (एनबिएमएसले) तोकेबमोजिम स्वमूल्यांकनको आवेदन पेश गर्नुपर्नेछ ।

२. नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले तोकेबमोजिमका पूर्वाधार तथा मापदण्ड पूरा गर्नुपर्नेछ ।

३. एकीकृत प्रवेश परीक्षा उत्तीर्ण गरी प्रचलित चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्ना सम्बन्धी कार्यविधि,२०७९ बमोजिम छनोट भएर आएका विद्यार्थीहरूलाई तोकिएको भर्ना प्रक्रिया अनुसार भर्ना गरी पठनपाठन कार्य सञ्चालन गर्नुपर्नेछ ।

४. नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले तोकेबमोजिम फ्याकल्टीहरूले विद्यार्थीहरूको हाजिरी विवरण सहितको लगबुक/इ- लगबुक व्यवस्थापन गर्नुपर्नेछ।

५. तोकिएबमोजिम विद्यार्थीहरूको नियमित मूल्यांकन सम्बन्धी कार्यहरू गर्नुपर्नेछ ।

६. स्वमूल्यांकनमा पेश गरेबमोजिम अनुगमनबाट योग्य भएका फ्याकल्टीहरूले विद्यार्थी लिइसकेपछि सो कार्यक्रम सम्पन्न नहुन्जेलसम्म जिम्मेवारी छोड्न पाइनेछैन।उचित र मनासिव कारणले बाहेक बीचैमा छोड्नुपर्ने अवस्था आइपरेमा सोको भरपर्दो बैकल्पिक व्यवस्था सम्बन्धित संस्थाले गर्नुपर्नेछ।यसरी उचित र मनासिब कारण बिना विचैमा छोड्ने फ्याकल्टीलाई भविष्यमा कुनैपनि विद्यार्थी दिइनेछैन ।

७. संस्थामा भर्ना भएका विद्यार्थीहरूलाई नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले तोकेबमोजिम निर्वाह भत्ता उपलब्ध गराउनुपर्नेछ ।

८. प्रथम पक्षले तोकेबमोजिमको संस्था तथा कार्यक्रमको प्रत्यायन/एफिलिएशन बापत रू. १,००,०००( एकलाख रूपैंया मात्र ) बुझाउनुपर्नेछ ।यो प्रावधान प्रत्येक तीन वर्षमा नवीकरण गर्नुपर्नेछ ।



*पहिलो संसोधनद्वारा परिमार्जन

+पहिलो संसोधनद्वारा थप

९. विद्यार्थीबाट प्रथम पक्षले तोकेबमोजिमका रकम बाहेक अन्य कुनैपनि रकम लिन पाइनेछैन ।

१०. सञ्चालित कार्यक्रमका विषयमा प्रथम पक्षसँग रिपोर्टिङ तथा परिपत्र गर्दा कार्यक्रम संयोजक मार्फत गर्नुपर्नेछ।

११. विद्यार्थी नियमित रुपमा अध्ययन गर्न नआएमा वा काबुबाहिरको परिस्थितिले नियमित हुन नसकेमा प्रथम पक्षलाई तत्काल जानकारी गराउनुपर्नेछ ।

१२. विद्यार्थीलाई सैद्धान्तिक तथा व्यावहारिक ज्ञानका लागि उचित वातावरण तयार गर्नुपर्नेछ ।

१३. विद्यार्थी भर्ना गर्ने प्रतिवद्धता गरिसकेपछि भर्ना भएका विद्यार्थीको अध्ययनअवधि पूरा नभएसम्म सम्झौता भंग गरिने छैन । कुनै कारणवश सम्झौता भंग गर्न चाहने पक्षले कम्तीमा २ वर्षको अवधि अगावै सोको जानकारी प्रथम पक्षलाई गराउनुपर्नेछ। बिचैमा सम्झौता भंग भएमा कार्यक्रमको बाँकी अवधिभरका लागि विद्यार्थीलाई दिनुपर्ने निर्वाह भत्ता रकम थप गरी प्रथम पक्षले तोके बमोजिम बुझाउनुपर्नेछ ।

१४. स्पेसियालिटी/सबस्पेसियालिटी तहका कार्यक्रम सञ्चालनको अनुमति प्राप्त गर्ने संस्थालाई प्रथम पक्षबाट कुनैपनि आर्थिक सुविधा प्राप्त हुनेछैन ।

१५. यो सम्झौताको अवधि कार्यक्रम सञ्चालन गर्न अनुमति पाएसँगैं शुरु भइ कार्यक्रम सञ्चालनको अवधिभर कायम रहनेछ।

१६. यो सम्झौतामा उल्लेखित शर्तहरुमा कुनै विवाद उत्पन्न भएमा विवादको समाधान मुलुकी देवानी संहिता, २०७४ भाग ५ को करार तथा अन्य दायित्व सम्बन्धी व्यवस्था तथा अन्य प्रचलित कानुनबमोजिम हुनेछ।



*पहिलो संसोधनद्वारा परिमार्जन

+पहिलो संसोधनद्वारा थप

| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
|---|---|
| ......................................................<br><br>निर्देशक<br>बोर्ड अफ मेडिकल स्पेसियालिटिज<br>चिकित्सा शिक्षा आयोग | ..........................................<br>कार्यकारी निर्देशक |
| **संस्थाको छाप** | **संस्थाको छाप** |

**रोहबर**

| | |
|---|---|
| **नाम :-**<br>**पद :-**सदस्य सचिव<br>**हस्ताक्षरः-** | **नामः-**<br>**पदः-** संयोजक एनबिएमएस कार्यक्रम<br>**हस्ताक्षरः-** |
| **नामः-**<br>**पदः-**निर्देशक<br>**हस्ताक्षरः-** | **नामः-**<br>**पदः-** प्रशासकीय प्रमुख<br>**हस्ताक्षरः-** |
| **नाम :-**<br>**पद :-** निर्देशक<br>**हस्ताक्षरः-** | **नामः-**<br>**पदः-**<br>**हस्ताक्षरः-** |
| **नाम :-**<br>**पद :-**निर्देशक<br>**हस्ताक्षरः-** | **नामः-**<br>**पदः-**<br>**हस्ताक्षरः-** |

**संवत्       साल     गते     रोज     शुभम् ।**



*पहिलो संसोधनद्वारा परिमार्जन

+पहिलो संसोधनद्वारा थप

## +अनुसूचि-४

## भर्नाका लागि न्यूनतम योग्यता तथा अन्य व्यवस्था

**१. <u>एनबिएमएस कार्यक्रममा भर्नाका लागि न्यूनतम योग्यताः (</u>**१) स्नातकोत्तर तह सरहको स्पेसियालिटी कार्यक्रममा भर्ना हुनका लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट MBBS वा सो सरह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा नाम दर्ता पश्चात नेपाल सरकारबाट मान्यताप्राप्त स्वास्थ्य संस्थामा एक वर्षको कार्य अनुभव हासिल गरेको हुनुपर्नेछ ।

(२) सबस्पेसियालिटी कार्यक्रममा भर्ना हुनका लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा MD\MS\NBMS specialty वा सो सरह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञको रूपमा नाम दर्ता भएको हुनुपर्नेछ ।

(३) चिकित्सा शिक्षा आयोगबाट लिइने सम्बन्धित तहको एकीकृत प्रवेश परीक्षा उत्तीर्ण भएको हुनुपर्नेछ।

(४) स्पेसियालिटी तथा सबस्पेसियालिटी तहमा खुला समूह (Open Category) अन्तर्गत नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटी (NBMS) का लागि निर्धारित सिटमा चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षाको योग्यताक्रमअनुसार भर्ना लिइनेछ।

**२. <u>एनबिएमएस कार्यक्रममा विद्यार्थी छनोट (</u>**१) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत स्पेसियालिटी तथा सबस्पेसियालिटी कार्यक्रममा भर्ना प्रयोजनका लागि चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्ना सम्बन्धी कार्यविधि, २०७९ बमोजिको प्रवेश परीक्षा मार्फत विद्यार्थी छनोट गरिनेछ ।

(२) चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरूको योग्यताक्रम र विद्यार्थी स्वयंले शिक्षण संस्था र कार्यक्रममा रोजेको प्राथमिकताक्रम अनुसार चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्ना सम्बन्धी कार्यविधि, २०७९ बमोजिम म्याचिङ हुनेछ ।

(३) सम्बन्धित तहको एकीकृत प्रवेश परीक्षामा विद्यार्थीले हासिल गरेको योग्यताक्रम तथा निजले प्राथमिकता अनुसार छनोट गरेको NBMS कार्यक्रम, कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्था र शैक्षिक कार्यक्रममा भर्नाका लागि माथिल्लो योग्यताक्रममा रहेका विद्यार्थीले प्राथमिकता पाउने गरी छनोट गरिनेछ।

(४) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत सञ्चालन हुने स्पेसियालिटी र सबस्पेसियालिटी कार्यक्रममा खुलातर्फ मात्र (Open category) म्याचिङ हुनेछ ।

**३. <u>एनबिएमएस कार्यक्रममा विद्यार्थी भर्ना प्रक्रियाः (१</u>**) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत सञ्चालन हुने स्पेसियालिटी तथा सबस्पेसियालिटी तहमा चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्ना सम्बन्धी कार्यविधि, २०७९ का आधारमा विद्यार्थी भर्ना प्रक्रिया अगाडि बढाइनेछ ।



*पहिलो संसोधनद्वारा परिमार्जन

+पहिलो संसोधनद्वारा थप

(२) सबै चरणका म्याचिङ तथा समापन (Wrap-up matching) म्याचिङमार्फत विद्यार्थी भर्नाको सूची प्रकाशित भएपश्चात स्पेसियालिटी तथा सबस्पेसियालिटी कार्यक्रममा छनोट भएका विद्यार्थीहरूले आयोगको नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजमा सम्पर्क राख्नुपर्नेछ ।

(३) विद्यार्थी भर्ना गर्ने समयसीमा तथा शैक्षिक सत्र प्रारम्भ सम्बन्धी व्यवस्था चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्ना सम्बन्धी कार्यविधि, २०७९ बमोजिम नै हुनेछ ।

(४) एनबिएमएस कार्यक्रममा छनोट भई भर्ना हुन चाहने विद्यार्थीहरूले नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्र लगायत एकीकृत प्रवेश परीक्षाको अनलाइन फाराम भर्दा अपलोड गरेका कागजातहरूको एक/एक प्रति फोटोकपि सहित सक्कल कागजात समेत लिएर नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजमा सम्पर्क राख्नुपर्नेछ ।

(५) एनबिएमएसका कार्यक्रममा भर्ना हुनका लागि आवश्यक कागजात सहित आवश्यक प्रक्रिया पूरा गरेपछि बोर्डले विद्यार्थी भर्ना गरेर अध्ययनका लागि छनोट भएका संस्थाहरुमा पठाउनेछ ।

**४. एनबिएमएस कार्यक्रममा अध्ययनका लागि विद्यार्थीले बुझाउनुपर्ने शुल्कः**

**१) चिकित्सा शिक्षा आयोगमा बुझाउनुपर्ने शुल्कः**

**क.** रजिष्ट्रेशन वापत रू. ५०,००० (पचास हजार रुपैंयाँ मात्र) भर्नाको समयमा

**ख.** थेसिस/ लगबुक/इ-लगबुक Processing &Review- रू ५०,०००(पचास हजार रुपैंयाँ मात्र) दोस्रो वर्षमा

**ग.** NBMS Board Examination & Certification का लागि एकमुष्ठ- रू. २,०००,००( दुईलाख रुपैंयाँ मात्र) तेस्रो वर्षमा

**२) विद्यार्थी आफैंले व्यहोर्नुपर्ने रकम/खर्च**

**क.** स्पेसियालिटी तथा सबस्पेसियालिटी तहका कार्यक्रममा भर्ना भई अध्ययन पूरा गर्न आवश्यक पर्ने अनिवार्य तालिम तथा सेमिनारहरूमा सहभागी भएवापतको रकम

**ख.** आवास/ यातायात वापतको रकम तथा अन्य व्यक्तिगत खर्चहरू



*पहिलो संसोधनद्वारा परिमार्जन

+पहिलो संसोधनद्वारा थप

# + अनुसूचि-५

## कबुलियतनामाको नमूना

चिकित्सा शिक्षा आयोग

**नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज**

सानोठिमी, भक्तपुर ।

**चिकित्सा शिक्षा आयोग (NBMS) स्पेसियालिटी/सबस्पेसियालिटी कार्यक्रममा भर्ना भएका विद्यार्थीहरूको कबुलियतनामा**

श्री ..........................................को नाति/नातिनी श्री....................................को छोरा/छोरी.....................जिल्ला..........................नगरपालिका/गाउँपालिका वडा नं. ....मा स्थायी बसोवास भएको मिति..........................मा जन्म भएको म ...................................चिकित्सा शिक्षा आयोग एनबिएमएस(NBMS) कार्यक्रम अन्तर्गत स्पेसियालिटि/सवस्पेसियालिटि तहको ................................विषयमा अध्ययनका लागि...............................संस्थामा छनोट भएकोमा अध्ययन अवधिभर प्रचलित कानूनको अतिरिक्त देहायबमोजिमका शर्त पालना गर्ने प्रतिबद्धता गर्दै यो कबुलियतनामा गरी चिकित्सा शिक्षा आयोगमा बुझाएको छु ।

<u>पालना गर्नुपर्ने शर्तहरू</u>

१. एनबिएमएस कार्यक्रममा छनोट भएबमोजिमको संस्थामा भर्ना भई नियमित पठनपाठनमा सहभागी हुनेछु ।
२. चिकित्सा शिक्षा आयोग एनबीएमएस कार्यक्रमका लागि तोकिएबमोजिमको रकम बुझाउनेछु ।
३. एनबिएमएस कार्यक्रममा भर्ना भई अध्ययन पूरा गर्न आवश्यक पर्ने विभिन्न प्रकारका अनिवार्य तालिम तथा सेमिनारहरूमा सहभागी हुँदा लाग्ने आर्थिक दायित्व स्वयंले व्यहोर्नेछु ।
४. पाठ्यक्रमले तोकेका सैद्धान्तिक र व्यवहारिक उद्देश्यहरू पूरा हुनेगरी नियमित अध्ययन तथा अभ्यासमा सहभागी हुनेछु। आफूले गरेका पठनपाठन सम्बन्धी कार्यहरू नियमित रूपमा Logbook /E-Logbook मा इन्ट्री गर्नेछु ।
५. तोकिएबमोजिमका फ्याकल्टीहरूसँग नियमित रूपमा अन्तर्क्रिया तथा छलफलमा सहभागी हुनेछु ।
६. पाठ्यक्रमले तोकेबमोजिम पूरा गर्नुपर्ने कार्यहरू समयमा नै सम्पन्न गर्नेछु ।
७. अध्ययन गराउने संस्थाका आचारसंहिता लगायतका आन्तरिक नियमहरूको पालना गर्नेछु ।
८. अध्ययन गराउने संस्थाले तोकेका फ्याकल्टी तथा शोधपत्र दीग्दर्शकसँग (Mentor) नियमित सम्पर्क र समन्वय गरी पठनपाठन कार्य सम्पन्न गर्नेछु ।
९. अध्ययनका लागि छनोट भई भर्ना भइसकेपछि बीचैमा पढाइ छोड्ने छैन। भर्ना भइसकेपछि बीचैमा पढाइ छोडेमा दुईवर्ष सम्म चिकित्सा शिक्षाको एकीकृत प्रवेश परीक्षामा सहभागी हुन नपाइने प्रावधान पालना गर्न तयार छु।
१०. प्रचलित कानूनबमोजिमका अन्य विषयहरू/शर्तहरू पालना गर्नेछु।

ल्याप्चे सहीछाप

| दायाँ | बाँया |
|---|---|
| | |

विद्यार्थीको

दस्तखत

नाम थर

स्थायी ठेगाना

सम्पर्क ठेगाना

टेलिफोन नं

मिति



*पहिलो संसोधनद्वारा परिमार्जन

+पहिलो संसोधनद्वारा थप